आज मिति २०८३ वैशाख १४ गते सोमबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालु आ.व. २०८२/०८३ को गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री डवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मुणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री छिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री रमेश कुमार कार्की | सचिव | |

**आमन्त्रित**

प्रमिला कार्की — सूचना प्रविध अधिकृत

गोविन्द बस्नेत — सहायक कम्प्युटर अपरेटर

विषय सूची:

१. अघिल्लो बैठक समीक्षा सम्बन्धमा।
२. भूमि प्रशासन सम्बन्धी सेवा सम्बन्धमा।
३. भिजन ईनर्जी प्रा.लि.लाई स्थानीय प्रभावितलाई वितरण हुने २०% शेयरमा समावेश गरिदिने सम्बन्धमा।
४. सर्वा सहमति सम्बन्धमा।
५. श्री ट्राफिक प्रहरी कार्यालय रामशाहपथलाई परिपत्र गर्ने सम्बन्धमा।

निर्णयहरु:

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८३ चैत २ गते बसेको बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन्? नहुनुका कारण के के हुन् भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा नेपालको संवैधानिक प्रावधान अनुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएका सेवाहरु भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाण्डौंको सूचना बमोजिम भूमि प्रशासन सम्बन्धी सेवाहरु यस गाउँपालिकाबाट नै सेवा प्रवाह गर्नलाई आवश्यक पर्ने जनशक्ति तथा पूर्वाधारको व्यवस्था गाउँपालिकाबाट गर्ने गरि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा उमाकुण्ड गाउँपालिका वडा नं. १ को रामेछापमा संचालनमा रहेको भिजन ईनर्जी प्रा.लि.को EIA प्रतिवेदनमा सोलुखुम्बु जिल्लाको लिखु पिके गाउँपालिका र रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकाको सिमाना भएर बग्ने लिखु खोलाको मुहानबाट विद्युत उत्पादन भएको र सो हाइड्रोपावरले गाउँपालिका सम्पत्तको स्थानीय विकासमा साझेदारी कार्यक्रम नभए पनि स्थानीय लिखु पिके गाउँपालिका समेत पूर्ण रुपमा प्रभावित क्षेत्र रहेको र दुवै पालिकाको सिमाना भएर बहने लिखु नदि दुवै पालिकाको साझा प्राकृतिक स्रोत भएको हुँदा उक्त भिजन हाइड्रोपावरले स्थानीय प्रभावितलाई वितरण गर्ने २०% (प्रतिशत) शेयर रकममा लिखु पिके गाउँपालिका भित्रका ५ वटै वडालाई समावेश गरि शेयर निष्काशन गर्नका लागि भिजन ईनर्जी प्रा.लि. लाई पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस गाउँपालिकामा प्रशासन सेवा, सहायक पाँचौं तहमा कार्यरत कर्मचारी श्री संगिता बस्नेतलाई हतुवागढी गाउँपालिकामा सरुवा भई जानको लागि गाउँपालिका कार्यालयबाट सरुवा सहमति उपलब्ध दिने सर्वसम्मत निर्णय गरियो।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा मिति २०८२।०५।०१ गते दोलखा जिल्ला बैतेश्वर गाउँपालिका वडा नं. ६ बुस्ति सडक खण्डमा यस गाउँपालिकाको स्वामित्वमा रहेको **बा २ झ ३६८७** नम्बरको स्कर्पियो गाडी र गलत साइटबाट आएको **बा ८ च ७५७३** नम्बरको टोयटा हाइलक्स गाडि एक आपसमा ठोक्किदा गाउँपालिकाको गाडिमा आंशिक क्षति पुगेको र उक्त टोयटा हाइलक्सका चालक **मन्जिल जिरेलले** आफ्नो गल्ति स्वीकार गरि स्कर्पियो गाडिमा पुगको सम्पुर्ण क्षति बेहोर्ने सहमति भएता पनि निज व्यक्ति हालसम्म सम्पर्कमा नआएको र क्षति नबेहोरेको हुँदा उक्त हाइलक्स गाडिलाई खोजि गरी आवश्यक कार्वाही अगाडि बढाउन सहजिकरण गरिदिनका लागि श्री ट्राफिक प्रहरी कार्यालय रामशाहपथ काठमाण्डौंलाई परिपत्र गर्ने सर्वसम्मत निर्णय गरियो।